# एनआईबिएल प्रगती फण्ड योजनाको
# ईकाइधनीहरुलाई रकम फिर्ता भुक्तानी सम्बन्धी सूचना

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड कोष प्रवर्द्धक रहेको तथा यस कम्पनी योजना व्यवस्थापक रही एनआईबिएल म्युचअल फण्ड अन्तर्गत संचालनमा रहेको एनआईबिएल प्रगती फण्ड मिति २०८०/०९/२६ मा परिपक्व भई प्रचलित सामुहिक लगानी कोष नियमावली, २०६७ को नियम ३२ को उपनियम (३) को व्यवस्था बमोजिम तथा नेपाल धितोपत्र बोर्डको निर्देशन बमोजिम खारेजीमा लगिएको र सो योजनाका हाल कायम इकाईधनीहरुले प्राप्त गर्ने फिर्ता भुक्तानी रकम प्रचलित कानुन बमोजिम कर कट्टा गरी हितग्राही खातामा बैंक खाता अद्यावधिक गरिएको शेयरधनीहरुको हकमा बैंक खातामा नै मिति २०८१/०२/०३ गतेदेखि जम्मा गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ। साथै अन्तिम कायम प्रति इकाई खुद सम्पत्ति मूल्य रु.९.५८३७६ मा प्रचलित कानून बमोजिम कर कट्टी गरी प्राप्त हुने रकम सम्बन्धित इकाईधनीहरुको हितग्राही खातामा अद्याबधिक गरिएको बैंक खातामा जम्मा गरिने छ। हालसम्म पनि आफ्नो डिम्याट खातामा बैंक खाता नं. अद्यावधिक नगराउनु भएका इकाईधनी महानुभावहरुले आफ्नो डिम्याट खाता रहेको निक्षेप सदस्य कहाँ सम्पर्क राखि डिम्याट खातामा बैंक खाता समेत अद्यावधिक गराउनुहुन अनुरोध छ।

साथै भौतिक रुपमा इकाईको प्रमाणपत्र भएका तथा केही कारणबस नामसारी गर्नु पर्ने ईकाइधनीहरुको हकमा रकम फिर्ता लिन एनआइएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौंमा सम्पर्क गरी उक्त योजनाको सक्कल प्रमाणपत्र, इकाईधनी स्वयंको खाता रहेको बैंकको नाम, बैंक खाता नम्बर उल्लेख सहितको निवेदन र आवश्यक कागजात प्राप्त भए पश्चात् उल्लेख गरेको बैंक खातामा रकमान्तर गरिने व्यहोरा समेत अनुरोध छ।

आफ्नो इकाई धितो राखेका इकाईधनी महानुभावहरुले अनिवार्य रुपमा त्यस्तो इकाईको धितो फुकुवा गरी धितो फुकुवा सम्बन्धी कागजात पेश गर्नुपर्नेछ।

योजनाको लेखापरीक्षण भई सकेको संक्षिप्त वित्तीय विवरण यही मिति २०८१/०२/०४ गतेको कारोबार राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको व्यहोरा समेत इकाईधनी महानुभावहरुलाई जानकारी गराउनुका साथै विस्तृत वित्तीय विवरण यस क्यापिटलको Website: www.nimbacecapital.com मा समेत हेर्न सकिने व्यवस्था मिलाइएको छ।

***नोटः*** योजनाले विगतका आर्थिक वर्षमा वितरण गरेको प्रतिफल समेत हालसम्म विभिन्न कारणवस प्राप्त गर्न नसक्नु भएका इकाईधनी महानुभावहरुले आ-आफ्नो हितग्राही खातामा बैंक खाता नं. अद्यावधिक गर्नुहुन वा यस क्यपिटलमा सम्पर्क गर्नुहुन समेत अनुरोध छ।

संचालन अवधिमा यस योजनाले वार्षिक औषत ८.१२ प्रतिशतको प्रतिफल दिन सफल भएको जानकारी गराउँदै हामीलाई विश्वास गरी योजनामा लगानी गर्नुहुने सम्पूर्ण इकाईधनी महानुभावहरुमा हार्दिक कृतज्ञता व्यक्त गर्दछौं।

**योजना व्यवस्थापकः**

NIMB ACE
CAPITAL LIMITED
Managing Shares. Managing Investments.

**एनआइएमबि एस क्यापिटल लिमिटेड**
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४५२५२८०, फ्याक्सः ४००५०८४
इमेलः info@nimbacecapital.com, वेबसाइटः www.nimbacecapital.com